# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लौकही, सुनसरी
१ नं.प्रदेश, नेपाल

(प्रशासन शाखा)

मिति :२०७९/०३/१६

सूचना । सूचना ॥ सूचना ॥।

कोशी गाउँपालिकाको भोगचलनमा रहेको वडा नं.१ स्थित हनुमान मन्दिर छेउको जग्गा २-०-० विघाको आन्तरिक कर संकलन गर्ने ३ वर्ष अवधिको लागि ठेक्का /भाडा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति/ठेकेदारहरुबाट तोकिएको समय भित्र आफुले ठेक्का लिन चाहेको ठेक्काको शिलबन्दी दरभाउ पत्र यस पालिकामा तोकिएको मिति र समयमा दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्काको विवरण :

| क.स. | ठे.नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक | बोलपत्र दस्तुर | बोलपत्रको जमानत रु | समय अवधि |
|---|---|---|---|---|---|---|
| १ | ७ | वडा नं.१ स्थित हनुमान मन्दिर छेउको जग्गा २-०-० विघा जग्गा । | ५१,०००।( वार्षिक) | १०००।- | २५५०। | १५ दिन |

१. दरभाउपत्र साथ सकार गरेको वार्षिक ठेक्का रकमको ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत कोशी गाउँपालिकाको मेगा बैंक लौकहीमा रहेको खाता नं. ३०८००१००००२५५ मा जम्मा गरेको सक्कली बैंक भौचर संलग्न गर्नुपर्नेछ ।

२. दरभाउपत्रसाथ पेश गर्ने व्यक्ति/ठेक्केदारले नेपाली नागरिकताको प्रतिलिपि र फर्मको हकमा इजाजत प्राप्त फर्मको प्रमाण पत्रको प्रतिलिपी कर चुक्ताको प्रमाणपत्र र भ्याट दर्ताको प्रमाणपत्रसंलग्न गर्नुपर्नेछ ।

३. ठेक्काको लागि तोकिएको दरभाउपत्र फारम दस्तुर(फिर्ता नहुने) गरि तिरी कोशी गाउँपालिकाको कार्यालय राजश्व शाखाबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

४. म्याद नाघि आएको वा रित नपुगेको दरभाउपत्र मान्य हुने छैन ।

५. दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

६. शिलबन्दी दरभाउपत्र सूचिमा सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १ बजेभित्र दर्ता गर्न सकिनेछ ।

७. दर्ता भएको शिलबन्दी दरभाउपत्रहरु १६ औ दिनको ३ बजे खोलिने छ ।

८. ठेक्का सुरक्षित भएको दरभाउपत्रदाताले आफूले कबोल गरेको स्विकृत ठेक्का रकमको एकमुष्ट रकम बुझाउनु पर्ने छ ।

९.सम्झौता हरेक वर्ष नविकरण गराउनु पर्नेछ ।

१०. यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

११ दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार कोशी गाउँपालिकामा सुरक्षित रहनेछ ।

१२. अन्य थप जानकारीका लागि कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

कोशी गाउँपालिकाको कार्यालय
लौकही, सुनसरी
चौलाराज दंगाल
प्रमुख प्रशासकीय अधिकृत